# जलवायु परिवर्तन, वन र तपाईं

**रेडप्लसका लागि एसिया प्रशान्त क्षेत्रका स्थानिय सरोकारवालाहरुको क्षमता अभिवृद्धि**

मार्च २०१२



RECOFTC
THE CENTER FOR PEOPLE AND FORESTS

रिकफ्ट - जनता र वनका लागि केन्द्र एशिया प्रशान्त क्षेत्रको विकेन्द्रित वन व्यवस्थापन तथा सामुदायिक वन कार्यक्रमका बिषयमा क्षमता अभिवृद्धि कार्यमा विशेषज्ञता भएको एक मात्र अन्तर्राष्ट्रिय गैर नाफामुखि संस्था हो । सन् १९८७ मा वन तथा वातावरण सम्बन्धी ज्ञान तथा जानकारी आदानप्रदान गर्ने स्रोत केन्द्रका रुपमा स्थापित भई कार्य शुरु गरेको यस संस्थाले सामुदायिक वनसँग सम्बन्धित संघसंस्था, नीतिनियम तथा कार्यक्रमहरूको विकास र प्रबर्द्धनमा सक्रिय टेवा पुऱ्याउँदै आएको छ ।

RECOFTC
THE CENTER FOR PEOPLE AND FORESTS

यस प्रतिवेदनमा व्यक्त विचार तथा भावनाहरूले रिकफ्ट तथा नर्वेजियन विकास सहयोग नियोग (नोराड) को भावनाको प्रतिनिधित्त्व नगर्न पनि सक्दछन् । यस प्रतिवेदनलाई अंग्रेजी रुपबाट नेपाली भाषामा अनुवाद गर्दा हुनसक्ने त्रुटिहरूको जिम्मेवारी रिकफ्ट र नोराडले लिने छैनन् ।

प्रकाशक
RECOFTC – The Centre for People and Forests
P.O. Box 1111
Kasetsart Post Office
Bangkok 10903, Thailand
Tel: +66 (0)2 940 5700
Fax: +66 (0)2 561 4880

सर्वाधिकारः © २०१२ रिकफ्ट – यस प्रतिवेदनको आंशिक वा पुर्ण भागलाई शैक्षिक तथा गैर व्यापारिक प्रयोजनका लागि मात्र कुनै अग्रिम लिखित सहमति तथा शुल्क बिनानै पुनः प्रकाशन तथा वितरण गर्न सकिनेछ । यसोगर्दा पुर्णरुपले स्रोतको उल्लेख गरेको हुनुपर्दछ । यस प्रतिवेदनको अनुवाद तथा आवश्यक थप प्रतिहरू छाप्ने क्रममा इलेक्ट्रोनिक मिडियाको हकमा पहिलो स्क्रिनमा र प्रिन्टका हकमा पहिलो पृष्ठमा पुर्णरुपको स्रोत उल्लेख गरिएको हुनुपर्दछ । यस कार्यको प्रकाशन सम्बन्धी सर्वाधिकारलाई (यदि कुनै भागमा भएको अन्य संस्थाको सर्वाधिकार भएको खण्ड प्रकाशन गर्न चाहेमा सोको समेत) सम्मान पुऱ्याइएको हुनुपर्नेछ । स्पष्ट स्रोत उल्लेख सहितको संक्षेपीकरण स्वीकार्य हुनेछ । यस भन्दा बाहेक पुर्णरुपले पुनः प्रकाशन गर्ने, सर्भरहरूमा पोष्ट गर्ने र पुनः वितरण गर्ने कार्यका लागि भने तोकिएको ढाँचामा पुर्व अनुमति लिनुपर्नेछ । यसको पुनः प्रकाशनका लागि रिकफ्टमा लिखित अनुरोध पठाउनुहोला अथवा तपाईंका जिज्ञासाहरू info@recoftc.org मा इमेल गर्नुहोला ।

यो प्रकाशन एशिया तथा प्रशान्त क्षेत्रका देशहरू नेपाल, इन्डोनेशिया, भियतनाम तथा जनगणतन्त्र लाओसमा सञ्चालित स्थानीय स्तरमा रेडप्लस सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत प्रकाशित गरिएको हो । नेपालमा यस कार्यक्रम सम्बन्धी थप जानकारीका लागि तलको ठेगानामा सम्पर्क गर्नुहोला ।

रिकफ्ट नेपाल
एकान्तकुना ललितपुर
पोष्ट बक्स नंः ७१६२ काठमाडौ, नेपाल
फोन नंः ९७७ १ ५०००५७२
फ्याक्सः ९७७ १ ५५३५१९०
इमेल : nepal@recoftc.org
वेवसाइट : www.recoftc.org

फोटो सौजन्य : सिमोन फ्रिक

# यस प्रकाशनको उद्देश्य

यस प्रकाशनले समुदायस्तरका सहजकर्ताहरूलाई वन विनाश तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनमा कमी ल्याउने कार्य (रेडप्लस) सम्बन्धी सन्देश स्थानीय सरोकारवालाहरू समक्ष पुऱ्याउन आवश्यक पर्ने जलवायु परिवर्तन र यसमा वनको भुमिकाबारे यथार्थ जानकारी प्रदान गर्न स्रोत सामाग्रीको रुपमा कार्य गर्नेछ । यस प्रकाशनमा हामीले स्थानीय समुदायहरूले पटकपटक सोधिरहने केहि प्रश्नहरू छनोट गरी तिनको जवाफ समावेश गरेका छौं । हामीले यि प्रश्नहरूका उत्तर सहजकर्ताले सरल र स्पष्ट भाषामा उत्तर दिनसकुन् तथा परियोजनाका सबै क्षेत्रहरूमा प्रवाह हुने सन्देश समान किसिमको रहोस् भन्ने अपेक्षा समेत गरेका छौं ।



# धेरै सोधिने प्रश्नहरू





१ जलवायु परिवर्तन भनेको के हो ?

२ जलवायु परिवर्तन के कारणले हुन्छ ?

३ जलवायु परिवर्तनमा वनको भुमिका के हुन्छ ?

४ स्थानीय समुदायहरूमा जलवायु परिवर्तनले के प्रभाव पार्दछ र यसको लागि स्थानीय समुदायको भुमिका के हुन्छ ?

५ रेडप्लस के हो ?

६ वन कार्बन व्यापार भनेको के हो ?





७ रेडप्लसमा प्रमुख सवालहरू के के छन् ?

८ स्थानीय समुदायहरूका लागि रेडप्लसको अर्थ के हुनसक्दछ ?

९ रेडप्लसमा रिकफ्टको भुमिका के छ ?

# १

# जलवायु परिवर्तन भनेको के हो ?

जलवायु परिवर्तनबारे बुझ्नका लागी हामीले "जलवायु" भनेको के हो र यो "मौसम" भन्दा कसरी भिन्न छ भन्ने बुझ्नु जरुरी हुन्छ । त्यस्तै पृथ्वीलाई वरिपरि ढाकेर रहेका ग्याँसका सतहहरूलाई एक शब्दमा वायुमण्डल भनिन्छ भन्ने कुरा बुझ्नुपनि उत्तिकै जरुरी हुन्छ ।

जलवायु र मौसम बिचको मुख्य भिन्नता समयसँग सम्बन्धित छ । मौसम भनेको वायुमण्डलको दैनिक अवस्था हो र यो क्षणक्षणमा परिवर्तन भइरहन्छ । जलवायु भन्नाले सापेक्षिक रुपमा लामो अवधि (जस्तैः केहि दशक वा शताब्दी) मा वायुमण्डलमा देखिने विशेषता हो ।

जलवायु परिवर्तनबारे कुरा गर्दा हामी दैनिक रुपमा देखिने मौसमको अवस्थालाई लामो समय सम्मको औसत लिएर कुरा गर्दछौं । तपाई हामीले हाम्रा अभिभावक तथा बुढापाकाहरूबाट गर्मीको समयमा पहिलेको भन्दा बढि गर्मी भएको तथा बर्षातको ढाँचामा परिवर्तन भएका कुराहरू सुनेका छौं होला । यसले के संकेत गर्दछ भने तपाईंका अग्रजले गर्मीको समयमा पहिले भोगेका दिनहरूभन्दा हालका दिनहरूमा तापक्रम बढ्न गएको हुनसक्दछ ।

यसरी जलवायु परिवर्तनलाई "कुनै लामो अवधिमा मौसमको प्रवृत्ति वा तौरतरिकामा हुनजाने परिवर्तन हो" भनेर सरल रुपमा परिभाषित गर्न सकिन्छ ।



# २

# जलवायु परिवर्तन के कारणले हुन्छ ?

हाम्रो वायुमण्डल विभिन्न प्रकारका ग्याँसहरू धेरै तहहरूमा मिलेर बनेको हुन्छ । ती मध्ये एउटा प्रमुख ग्याँस कार्बनडाइअक्साइड हो । विभिन्न प्रकारका वस्तुहरूको उत्पादन तथा निर्माण, सवारी साधनको प्रयोग तथा वनजंगल कटानी जस्ता कार्यहरूबाट वायुमण्डलमा कार्बनडाइअक्साइड तथा अन्य ग्याँसहरूको उत्सर्जन हुन्छ । वायुमण्डलमा कार्बनडाइअक्साइड लगायत अन्य ग्याँसहरू (जसलाई समग्रमा हरित गृह ग्याँसहरू भनेर चिनिन्छ) को मात्रा बढ्न जाँदा वायुमण्डलले सुर्यको तापलाई बढि मात्रामा सोसेर राख्दछ । यसले गर्दा पृथ्वीको तापक्रम बढ्न जान्छ र समग्र पृथ्वी नै बढि तातो हुन्छ । यस्तो असरलाई "ग्लोबल वार्मिङ" वा "हरितगृह ग्याँस असर" पनि भनिन्छ । वायुमण्डलमा अन्य ग्याँसहरूभन्दा तुलनात्मक रुपमा कार्बनडाइअक्साइडको मात्रा धेरै हुने भएकोले ग्लोवल वार्मिङका लागि वायुमण्डलमा रहेका अन्य हरितगृह ग्याँसहरूको तुलनामा कार्बनडाइअक्साइडको भुमिका बढि हुन्छ । त्यस्तै ग्लोवल वार्मिङका लागि कुन ग्याँसले कति असर पार्दछ भन्ने कुरा त्यो ग्याँसको भौतिक संरचनाले निर्धारित गरेको हुन्छ ।

मौसम तथा जलवायुको प्रकृति कस्तो हुन्छ भन्ने कुराको निर्धारण मुख्य गरी वायुमण्डलको तापक्रमले गर्दछ । त्यसकारण वायुमण्डलमा कार्बनडाइअक्साइडको मात्रा परिवर्तन हुँदा हाम्रो दैनिक मौसम प्रणाली अनपेक्षित परिवर्तन हुन्छ र अन्ततः यसले पृथ्वीको जलवायुमा परिवर्तन ल्याउँदछ । तापक्रम जति वृद्धि हुँदै जान्छ, मौसमको अवस्था त्यति नै असहज हुँदै जान्छ ।



# ३

# जलवायु परिवर्तनमा वनको भुमिका के हुन्छ ?

विश्वमा रहेको समग्र वन र उक्त वन रहेको स्थानको माटोले हाल १० खरब (१ ट्रिलियन) टन भन्दा बढि कार्बन सञ्चित गरेको छ। यो मात्रा वायुमण्डलमा रहेको कार्बनको मात्रा भन्दा दुई गुणा हो। अर्कोतर्फ हेर्दा यो कार्बनको तौल विश्वभरिका ७ अरब मानिसहरूको (प्रत्येक व्यक्तिको सालाखाला ७० किलोग्राम तौल राख्दा) तौलको २००० गुणा बढि हुन्छ। जब घनत्व तथा क्षेत्रफलका हिसाबले वन बढ्दै जान्छ तब यसले कार्बन लिने र संरक्षण गरी एक ठाउँमा राख्ने काम गर्दछ जसले गर्दा वनमा कार्बन सञ्चिति हुन्छ। यसको विपरित, यदि सबै वन नष्ट भयो भने हजारौं टन कार्बन वनबाट वायुमण्डलमा उत्सर्जन हुन्छ। यस्तो अवस्थामा यी वन स्रोतहरू कार्बनडाइअक्साइड उत्सर्जनका स्रोतमा परिणत हुन्छन् र समग्र रुपमा हरितगृह ग्याँसको असर बढाउन योगदान पुऱ्याउँदछन्। यसको फलस्वरुप ग्लोवल वार्मिङ बढ्दछ र मौसम तथा जलवायु प्रणालीमा धेरै उतारचढाव आउँदछ। त्यसकारणले भएको वनलाई यथास्थितिमा राख्दा वायुमण्डलमा कार्बनडाइअक्साइडको मात्रा कम गर्न सहयोग पुऱ्याएर जलवायु परिवर्तनको असर कम गर्न सहयोग पुऱ्याउँदछ।

प्रतिवर्ष विश्वभरि हुने जम्मा कार्बन उत्सर्जनको १२-१७% भाग कार्बन उत्सर्जन विश्वका विभिन्न भागहरूमा हुने वन विनाशको कारणले हुने गर्दछ। त्यसकारण यदि हामीले हाम्रो वन विनाश गऱ्यौं भने वनले कार्बन सञ्चिति गर्ने काम त परै जाओस् वन क्षेत्रले ओगटेको ठाँउमा रहेको वनस्पति, माटो तथा पातपतिङ्गरमा रहेको कार्बन समेत वायुमण्डलमा उत्सर्जन हुन्छ। फलस्वरुप जलवायु परिवर्तनलाई बढावा दिन थप सहयोग पुऱ्याउँदछ।

वनले हरितगृह ग्याँसहरूलाई सोसेर राख्ने मात्र नभई जलवायु परिवर्तनको सामना गर्न धेरै तर्फबाट सहयोग पुऱ्याउँदछ। वनले बादललाई व्यवस्थित गर्ने, सूर्यको प्रकाशलाई वायुमण्डलतर्फ फर्काउने, पृथ्वीको सतहमा रहेको पानीलाई वाफमा परिणत गरी वायुमण्डलमा वाफको मात्रा बढाएर हावालाई चिसो बनाउने जस्ता कार्यहरू गर्दछ। त्यति मात्र नभई वनले वातावरणका विविध पक्षमा सहयोग पुऱ्याउनुका साथै त्यसमा आस्रित व्यक्तिहरूको जिविकोपार्जनका आवश्यकताहरूलाई पूर्तिगर्ने र मानव समुदायलाई जलवायु परिवर्तनसँग अनुकुल हुन आफ्ना जिविकोपार्जनका रणनीति तयगर्ने कार्यमा समेत सहयोग पुऱ्याउन सक्दछ। हाल विश्वमा १ अरब ६० करोड भन्दा बढि व्यक्तिहरू आफ्नो जिविकोपार्जनका लागि वन स्रोतमा निर्भर रहेका छन्। जलवायुको असर प्रत्यक्ष रुपमा परेर बाली उत्पादनमा ह्रास आउने समयमा खाद्यपदार्थ र पोषणको स्रोतको रुपमा वनले खेल्ने भूमिका विशेष महत्त्वपूर्ण हुन्छ।

# ४

# स्थानीय समुदायहरूमा जलवायु परिवर्तनले के प्रभाव पार्दछ र यसको लागि स्थानीय समुदायको भुमिका के हुन्छ ?



प्राकृतिक प्रणाली तथा मानव समाजमा जलवायु परिवर्तनले पार्ने प्रभाव अझै सम्म पनि अनिश्चित छ । तर पनि यदि वन जङ्गलहरू पुनः स्थापित हुने दर भन्दा बढि मात्रामा विनाश गरिए भने वनको वरिपरी बसोबास गर्ने तथा वन स्रोतलाई नै आफ्नो गास, बास, औषधी र कपासको आधार बनाएका धेरै व्यक्तिहरू प्रत्यक्षरुपमा प्रभावित हुन्छन् । गुणस्तरिय पानी तथा खाद्यान्न माथिको पहुँच र अनपेक्षित बाढी तथा खडेरी जस्ता कुराहरू अहिले नै ठूलो चुनौतीका रुपमा अगाडि तेर्सिइसकेका छन् । यी चुनौतीहरूलाई जलवायु परिवर्तनले अझै बढाउने प्रायः निश्चित छ ।

त्यसकारण पनि स्थानीय समुदायहरू वन संरक्षण तथा व्यवस्थापनका लागि महत्त्वपूर्ण साझेदार हुन् र यिनीहरूले वन स्रोत उपयोग र व्यवस्थापन गर्ने शैलीले जलवायु परिवर्तनमा महत्त्वपूर्ण प्रभाव पार्दछ । यदि स्थानीय समुदायहरू वन संरक्षणमा पूर्णरुपले सहभागी नहुने हो भने अतिक्रमण, खनिज उत्खनन, चोरी निकासी तथा औद्योगिकिकरण जस्ता कार्यहरू बढ्न गई वन स्रोतहरू झन् बढि जोखिममा पर्न जान्छन् । खाद्य पदार्थ तथा इन्धनको आकासिंदो माग, बढ्दो ग्रामिण गरिबी तथा नीतिनियम र कानुनको कमजोर पालना तथा कार्यान्वयनले जलवायु परिवर्तनको सामना गर्न चुनौतीहरू थप्दछन् । तर यदि स्थानीय समुदायहरूलाई वन स्रोतको संरक्षण र व्यवस्थापनमा प्रत्यक्ष रुपमा संलग्न गराइयो भने वन विनास सम्बन्धी धेरै सवालहरूलाई सम्बोधन गर्दै वायुमण्डलमा उत्सर्जन हुने कार्बनडाइअक्साइडको मात्रालाई घटाउन मद्दत पुर्‍याउँदछ ।

# ५

# रेडप्लस के हो ?



वन विनाश तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जन न्यूनिकरण र वनमा कार्बनको सञ्चिति बढाउने कार्य (रेडप्लस) वायुमण्डलमा कार्बनको मात्रा घटाउने एउटा विश्वव्यापी पहल हो । यस पहल अन्तर्गत लामो समयसम्म गुणस्तरिय वन कायम गर्ने वा कम्तिमा हाल कायम रहेको वनलाई घट्न नदिन प्रतिबद्ध देशहरूलाई प्रोत्साहन स्वरुप आर्थिक सहयोग उपलब्ध गराइन्छ । मुख्यतः ती देशहरूले उनीहरूसँग भएको वनक्षेत्र अन्य प्रयोजनका लागि प्रयोग गर्दा आर्जन गर्नसक्ने आम्दानीलाई समेत मध्यनजर गरी वन संरक्षण गरे बापत सहयोग उपलब्ध गराइन्छ । रेडप्लसको नामबाट नै यसको प्रमुख उद्देश्य वन विनाश र वन क्षयीकरणलाई कम गरी कार्बन उत्सर्जनलाई कम गर्नु रहेको प्रस्ट हुन्छ । यसका साथै रेडप्लसले अन्य महत्त्वपूर्ण फाइदाहरू जस्तै गरिबी न्यूनीकरण तथा जैविक विविधता संरक्षण समेत हासिल गर्ने अपेक्षा गरिएको छ । यदि यो कार्यक्रम सफल हुनसक्यो भने यसले विश्वमा कायम रहेको वन संरक्षण गरी यसलाई कार्बन सञ्चितिको मुख्य आधारका रुपमा स्थापित गर्न र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्ने सम्भावनामा वृद्धि गर्न सक्दछ ।

रेडप्लसको एउटा अत्यन्तै महत्त्वपूर्ण तत्त्व भनेको वनजंगल जोगाउने राष्ट्रहरूलाई कसरी र कुन स्रोतबाट आर्थिक प्रोत्साहन दिन सकिन्छ भन्ने हो । रेडप्लसलाई आर्थिक सहयोग उपलब्ध गराउने एउटा विकल्प "कार्बन बजार" हो । यस अन्तर्गत विकसित देश तथा नीजि कम्पनीहरूले रेडप्लसको विकास तथा कार्यान्वयनका लागि सहयोग प्रदान गर्दछन् । यसबारेमा थप व्याख्या तलका प्रश्नहरूको छलफलमा गरिन्छ ।

# ६

# वन कार्बन व्यापार भनेको के हो ?

वनले सञ्चिति गरिराखेको कार्बनसँग पैसा साटासाट गर्ने प्रकृया नै “वन कार्बन व्यापार” हो । वन कार्बन बजार एउटा त्यस्तो आर्थिक माध्यम हो जसमा कार्बनका उत्पादक वा बिक्रेता (वन व्यवस्थापक तथा समुदायहरू) ले अन्तर्राष्ट्रिय खरिदकर्ताबाट वन संरक्षण गरे बापत आर्थिक स्रोत प्राप्त गर्दछन् । यसको सट्टामा क्रेताहरूले कार्बन उत्पादन वृद्धि वा कार्बन क्रेडिटको लिखित प्रमाणपत्र प्राप्त गर्दछन् । यसरी वन कार्बन बजारले वनमा संरक्षित राखिएको वा वनले सोसेर राखेको कार्बन बापतको रकम वन संरक्षणकर्तालाई प्रदान गर्दछ ।

हाल केही नीजि कम्पनीहरूले स्वयंसेवी रेडप्लस परियोजना मार्फत वन कार्बनको व्यापार शुरु गरेका छन् । तर अन्तर्राष्ट्रिय स्तरको वन कार्बन बजारको प्रारुप तथा सञ्चालन अझै अन्तर्राष्ट्रिय स्तरमा छलफलको विषय नै भएको छ । केहि सिमित देश तथा राज्यहरू (जस्तै अष्ट्रेलिया, क्यालीफोर्निया) को आफ्नै प्रकारको कार्बन बजार हुने र उनिहरूले सन् २०१५ भित्रै अन्तर्राष्ट्रिय रेडप्लस क्रेडिट किन्न थाल्ने सम्भावना भएतापनि सन् २०२० भन्दा अगावै अन्तर्राष्ट्रिय स्तरको कार्बन बजारको शुरुवात् हुने संभावना भने कमै छ ।





# ७

# रेडप्लसमा प्रमुख सवालहरू के के छन् ?

तुलनात्मक रुपमा रेडप्लसको अवधारणा नयाँ हुनाले यसले गम्भिर भएर सोच्नुपर्ने थुप्रै सवालहरू उठाएको छ । यी सवालहरू माथि स्थानीयस्तर देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म विभिन्न तहमा छलफलहरू भइरहेका छन् । प्रायः सबै व्यक्तिहरूबाट जिज्ञासा राखिने महत्त्वपुर्ण प्रश्न के हो भने सम्बन्धित देशका सरकारहरूले रेडप्लस अन्तर्गत प्राप्त गर्ने सहयोग रकम तथा कार्बन क्रेडिट बापत प्राप्त हुने रकमको सदुपयोग कसरी गर्दछन् ? सरकारले प्राप्त रकमको उचित व्यवस्थापन र सदुपयोग गर्नका लागि स्थानीय देखि राष्ट्रिय स्तरसम्म नै आवश्यक सांगठनिक संरचना तथा संयन्त्र र सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने कार्यगर्नु जरुरी हुन्छ । यसो भएमात्र रेडप्लस अन्तर्गत प्राप्त फाइदाहरू सम्बन्धित पक्षले सहजै प्राप्त गर्न सक्दछन् । यस प्रकारका सवालहरूलाई अस्पष्ट भु-स्वामित्त्व, वन विनाश तथा वन क्षयीकरणका कारक तत्त्वहरूको सम्बोधनमा देखिएका चुनौती तथा यिनीहरूबीच रहेका आपसी सम्बन्धबारे फरकफरक बुझाइले गर्दा अझ जटिल बनाइदिएको छ ।

विश्वव्यापी रुपमा नै रेडप्लसबारे बारम्बार छलफल भइरहने अन्य राष्ट्रिय तथा सामुदायिक तहका सवालहरू निम्न छन् ।

- वन तथा वनको माटोमा रहेको कार्बनको मात्रालाई कसरी सहि रुपमा मापन गर्न सकिन्छ ?
- रेडप्लस अन्तर्गत सहयोग प्राप्त गर्न आवश्यक मुख्य आधारहरू के के हुन् ?
- रेडप्लसको संयन्त्रमा वनमा आधारीत समुदायहरूलाई कसरी संलग्न गराउने ?
- रेडप्लस कार्यान्वयनका लागी स्थानीय सरोकारवालाहरूले स्वतन्त्र रुपमा अग्रीम सुसुचित भई सहमति दिएको कुराको यकिन कसले गर्ने ?
- वनमा निर्भर समुदायहरूसँग कसरी सहमति खोज्ने ?
- वन तथा वनमा जम्मा भएको कार्बनको स्वामित्त्व तथा अधिकार कसको हुने र यस सम्बन्धी सवालको निर्णय कसले लिने ?
- रेडप्लस र सरकारी नीतिहरू एक आपसमा बाझिएको खण्डमा के हुने ?
- यदि भु-स्वामित्त्व र कार्बन माथिको अधिकार निश्चित भएको खण्डमा कार्बन मापन कसले र कसरी गर्ने ?
- कार्बन व्यापार सम्बन्धी आवश्यक प्राविधिक ज्ञान कसरी विकास गर्ने ? र
- समुदायतहका सरोकारवालाहरू र फाइदा प्राप्त गर्नुपर्ने समुहहरूले न्यायोचित फाइदा प्राप्त गरेका छन् छैनन् भन्ने कुराको यकिन कसले गर्ने ?

## ८

# स्थानीय समुदायहरूका लागि रेडप्लसको अर्थ के हुनसक्दछ ?



स्थानीय समुदायहरूका लागि रेडप्लसको अर्थ सिमित मात्रामा काष्ठ तथा गैर काष्ठ वन पैदावार संकलन तथा बिक्री वितरण गरे बापत क्षतिपुर्ति प्राप्त गर्ने अवसर मात्र नभई भविष्यका लागि वनको संरक्षण पनि हो । यसका साथसाथै वनको दिगो रुपमा व्यवस्थापन गर्न रकम पाइरहँदा उनिहरूले वनबाट प्राप्त हुने वातावरणीय सेवाहरू, खाद्य वस्तुहरू, कच्चा पदार्थहरू तथा विविध प्रकारका औषधिहरू नियमित रुपमा पाइरहेका हुन्छन् । काठ तथा गैर काष्ठ वन पैदावार संकलन कार्य त्यस देशको रेडप्लस नीतिमा भर पर्दछ । आर्थिक फाइदाका साथसाथै रेडप्लस संयन्त्रलाई जमीन माथिको स्वामित्त्व प्रष्ट पार्ने, स्थानीय जनतालाई बढी फाइदा प्रदान गर्ने, काठ तथा गैर काष्ठ वन पैदावार र दाउरा आदि संकलनका विकल्पहरू प्रदान गर्ने, सहमति लिने तथा गुनासाहरू व्यवस्थापन गर्ने संयन्त्र स्थापित गर्ने र स्थानीय तहमा वन शुसाशन प्रणाली सुधार गर्ने जस्ता कार्यहरूका लागि प्रयोग गर्न सकिन्छ ।

रेडप्लसको सफलता वा असफलताबाट प्राप्त हुने परिणामबाट फाइदा लिने वा गुमाउने पनि स्थानीय समुदायनै हुने भएकाले रेडप्लसको सफलताको मुख्य साँचो स्थानीय समुदायमा नै हुन्छ । त्यसकारण यदि रेडप्लसलाई कार्यान्वयन गराउनु छ भने उनिहरूको अधिकारलाई सुनिश्चित गर्नैपर्छ ।

रेडप्लसको शुरुवात र यस अन्तर्गत वन व्यवस्थापकहरूलाई प्रदान गर्ने थप प्रोत्साहन रकमको प्रावधानले विश्वव्यापी ध्यानाकर्षण गरेको छ । रेडप्लसको संभावित आर्थिक फाइदाहरू वन कार्बन व्यापार मार्फत प्राप्त हुन सक्दछन् । तर यस प्रकृयामा लाग्ने लागत तथा यसबाट हुने फाइदाहरू स्थानीय परिस्थिति र परिवेश अनुसार प्रत्येक क्षेत्रमा भिन्नाभिन्नै रुपले यकिन गर्नुपर्दछ ।

# १

# रेडप्लसमा रिकफ्टको भुमिका के छ ?



सबै तहका सरोकारवालाहरूलाई रेडप्लस र जलवायु परिवर्तन सम्बन्धी नयाँ र सही जानकारीहरू अद्यावधिक रुपमा सहजै बुझिने ढंगबाट प्रदान गर्नु नै रिकफ्टको मुख्य भूमिका हो । रिकफ्ट रेडप्लस संयन्त्रको पक्ष वा विपक्ष केहिमा पनि छैन । यसले सम्बन्धित सरोकारवालाहरूलाई सत्यतथ्य र विस्तृत जानकारी प्रदान गरेर उनिहरूको क्षमता अभिवृद्धि गर्ने कार्य गर्दछ । फलस्वरुप उनिहरू रेडप्लसमा भाग लिने वा नलिने सम्बन्धी निर्णय आफैं गर्न सक्दछन् । यसका साथसाथै रिकफ्टले समुदायस्तर देखि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म विविध प्रकारका रेडप्लस सम्बन्धी चासो र सवालहरूलाई सरोकारवालाहरू समक्ष सञ्चार गर्दछ । यस प्रकारको प्रयासले जानकारीबाट सुसूचित नीतिहरू तर्जुमा गर्न मद्दत पुग्दछ । त्यस्तै रिकफ्टले अन्तर्राष्ट्रिय स्तरका सवालहरूलाई स्थानीय तहमा जानकारी गराउने प्रयास समेत गर्दछ ताकि माथिल्लो तहमा भएका छलफलबारे स्थानीय व्यक्तिहरूलाई पनि जानकारी होस् ।

रिकफ्टका हालका गतिविधिहरू वनका सरोकारवालाहरूको क्षमता अभिवृद्धि केन्द्रित रहेका छन् । यस प्रकारका गतिविधिहरूमा जलवायु परिवर्तनका आधारभूत पक्ष, जलवायु परिवर्तन न्यूनिकरण र अनुकुलनमा वनको भूमिका, सुशासन तथा लाभांश वितरण प्रक्रिया, विवाद समाधान र रेडप्लसका सन्दर्भमा स्वतन्त्र अग्रिम र सुसूचित सहमति (एफपिआइसि) को जानकारी प्रदान आदि रहेका छन् । यस प्रकारका विषयवस्तुहरू रेडप्लस संयन्त्रमा स्थानीय समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न महत्त्वपूर्ण मानिन्छन् । अझ भन्ने हो भने विश्वव्यापी रुपमा नै रेडप्लस संयन्त्र सम्बन्धी बुझाइमा अस्पष्टता रहेको कुरालाई मध्यनजर गर्दै रिकफ्टका क्षमता अभिवृद्धि प्रयासहरू आवश्यकतामा आधारित र होशियारीपूर्वक सञ्चालन गरिएका छन् । यस क्रममा प्रस्तावित रेडप्लस संयन्त्रबाट सरोकारवालाहरूले गर्ने अपेक्षा वास्तविकतामा आधारित रहोस् भन्ने सुनिश्चित गरिएको छ ।

रिसाइकल गरिएको कागजमा मुद्रित

Norad

नर्वेजियन विकास सहयोग नियोगको सहयोगमा

THE CENTER FOR PEOPLE AND FORESTS

RECOFTC

RECOFTC – The Centre for People and Forests
P.O. Box 1111
Kasetsart Post Office
Bangkok 10903, Thailand
www.recoftc.org